मिति : २०७५।११।३०

# पोखरा महानगरपालिकाको मेयर प्रबिधि मैत्री कृषि परियोजना अन्तर्गत सुन्तला बगैचा ब्यबस्थापन सहयोग कार्यक्रमको लागि आवेदन दिने समय थप गरिएको सूचना

पोखरा महानगरपालिकाको आर्थिक बर्ष २०७५/७६ को स्वीकृत कार्यक्रमको मेयर प्रबिधि मैत्री कृषि परियोजना अन्तर्गत सुन्तला बालि प्रबर्दन कार्यक्रमको लागि सुन्तला बृहद क्लस्टरमा परेको पोखरा २१ क्रिस्ती, निर्मल पोखरी तथा पोखरा २२ खाल्से क्षेत्रमा ब्यबसायिक सुन्तला उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि नियमित बगैचा ब्यबस्थापन (काटछाट, मलखाद प्रयोग, बोर्डो मिक्स्चर स्प्रे, फेदमा बोर्डो पेस्ट लेपन, सिचाई तथा छापो ब्यबस्थापन ) कार्यको लागि तपशिल अनुसार सहयोग गर्ने कार्यक्रम रहेकोले मिति २०७५ फाल्गुन ३० गते सम्मको लागि प्रथम पटक सूचना प्रकाशन गरिएकोमा सो समयमा भएको खराब मौसमको कारण समयमै कार्य सम्पन्न गर्न नसकेको हुनाले किसान, कृषि संजाल तथा जन प्रतिनिधको राय अनुसार मिति २०७५ साल चैत्र ७ गते सम्म आबेदन दिने समय थप गरिएकोले सो मिति भित्र फर्मेट अनुसारको विवरण भरि पोखरा महानगरपालिका कृषि महाशाखामा निबेदन दिनुहुन अनुरोध गरिन्छ।

तपशिल

- यो कार्यक्रम कम्तिमा १ रोपनीमा खेति गरेको र ५ बर्ष भन्दाको माथिको १० वटा भन्दा बढी फल दिने बिरुवाको लागि मात्र हुनेछ।
- प्रति बोट कम्तिमा ५० केजी मलखाद प्रयोग बापत रु ४०, बोटको १ मिटर उचाई सम्म बोर्डो पेस्ट लेपन गरेबापत रु ४० र बोटमा बोर्डो मिक्स्चर स्प्रे गरेबापत रु २० का दरले बढीमा प्रति बोट नगद रु १०० का दरले उपलब्ध गराइने छ ।
- सम्बन्धित वार्ड कार्यालय, कृषि प्राबिधिक तथा कृषि संजाल को समन्वयमा स्थलगत अनुगमन गरिनेछ।

आवश्यक कागजात

- बगैचा धनीको नागरिकता, खेति गरेको जग्गाको लालपुर्जाको प्रतिलिपि तथा काम सम्पन्न भएको सम्बन्धित वडा कार्यालयको सिफारिस सहित पेश गर्नुपर्नेछ ।
- निवेदनको साथमा पेश गर्नुपर्ने बिबरण को फर्मेट

| सी न | किसानको नाम | ठेगाना | सम्पर्क न | यस बर्ष उत्पादन भएको परिमाण केजी मा | यस बर्ष सुन्तला बिक्रि बाट भयको आम्दानि रु | ५ बर्ष भन्दा तलको बोट संख्या | ५ बर्ष माथिको बोट संख्या | ५० प्रतिशत भन्दा बढी मरेका बिरुवा | मलखाद प्रयोग गरेका ५ बर्ष माथिका बिरुवा | बोर्डो पेस्ट लगाएको ५ बर्ष माथिका बिरुवा | बोर्डो मिक्स्चर स्प्रे गरेको ५ बर्ष माथिका बिरुवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोट : रित नपुगेको निबेदन र झुटा बिबरण पेश गर्नेलाई कार्यक्रममा समाबेश गरिने छैन ।

कार्यक्रमको थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा कृषि महाशाखामा सम्पर्क गर्नुहुन अनुरोध छ

www. pokharakrishi.com बाट समेत सूचना तथा फर्मेट हेर्न तथा विवरण भर्न सकिनेछ।

**नोट : फुल फुल्ने समय भएकोले बोर्डो मिक्स्चर बोटमा स्प्रे नगर्नुहोला**

मनहर कडरिया
वरिष्ठ बागवानी विकास अधिकृत